# श्री तिलोत्तमा नगरपालिका कार्यालय

शंकरपुर, रुपन्देही

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७३।०३।१२

स्थानीय स्वयत्त शासन ऐन २०५५ को परिच्छेद ८ को दफा १३७ को उपदफा (२) र नियमावली २०५६ को नियम १४१ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम १६७ बमोजिम यस नगरपालिका अन्तरगत पर्ने तपसिल बमोजिमका स्थानहरुमा लाग्ने हाटबजारको वैठकी कर असुली गर्नको लागि आर्थिक वर्ष २०७३/०७४ अर्थात २०७३ श्रावण १ गते देखि २०७४ आषाढ मसान्त सम्म एक वर्षको लागि ठेक्का वन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति वा फर्मबाट गोप्य शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**ठेक्का सम्बन्धी शर्तहरु**

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरभाउपत्र फारम रु ३००।- (पछि फिर्ता नहुने गरी) तिरी नगरपालिकावाट खरिद गर्न सकिनेछ ।

२. ठेक्का रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

३. आफूले कवुल गरेको ठेक्का रकमको नेपाली नागरिक भए ५% र गैह्र नेपाली नागरिक भए १०% ले हुन आउने रकम कृषि विकास बैंक भैरहवा शाखामा तिलोत्तमा नगरपालिका कार्यालयको नाममा रहेको हि.नं. ०४१४६०१०१४५५२०२८ (१०७४) ग - ३ (धरौटी खाता) मा धरौटी रकम जम्मा गरेको सक्कल भौचर दरभाउपत्र साथ संलग्न हुनुपर्नेछ । चेक र विदेशी मुद्रालाई मान्यता दिइने छैन ।

४. कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

५. पत्रिकामा सूचना प्रकासित भएको मितिले १६ औं दिन दिनको १२.०० वजेभित्र तिलोत्तमा नगरपालिका कार्यालय शंकरपुरमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ ।

६. पत्रिकामा सूचना प्रकासित भएको मितिले १६ औं दिन दिनको २.०० बजे तिलोत्तमा नगरपालिका कार्यालय शंकरपुरमा वोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोहि समयमा खोल्न वाधा पर्ने छैन ।

७. दरभाउ पत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ ।

८. ठेक्का रकम दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र आफुले कबोल गरेको रकमको प्रथम किस्ता बापतको ५०% रकम र वाँकी ५०% रकमको बैक ग्यारेन्टी पेश गरी सम्झौता गर्नु पर्नेछ । दोस्रो किस्ता बापतको ५०% रकम २०७३ साल पौष मसान्त भित्र बुझाउनु पर्नेछ ।

९. शर्तहरुको पालना नभएमा ठेक्का जुनसुकै बखतमा पनि तोड्न सकिने छ ।

१०. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा सुरक्षित हुनेछ ।

११. अग्रिम रुपमा ठेक्का रकम एकमुष्ट बुझाएमा १०% सम्म छुट दिन सकिने छ ।

१२. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु स्थानिय स्वायत्त शासन नियमावली वा स्थानिय निकाय आ.प्र. नियमावली वमोजिम हुनेछ ।

१३. हाटबजारमा रहेको खानेपानीको महशुल मर्मत तथा व्यवस्थापन, विद्युत मर्मत तथा शौचालन मर्मत तथा व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्ने छ । साथै हाटबजारको दररेट सबैले देख्नेगरी ठेकेदारले होडिङबोर्ड तयार गरी हाटबजार स्थलमा राख्नुपर्नेछ ।

१४. हाटबजारको दस्तुर असुल गर्दा ठेकेदारले अनिवार्य रुपमा नगदी रसिदको प्रयोग गर्नु पर्नेछ ।

१५. बैठकी करको दररेट नगरपालिकाले दरभाउपत्र साथ उपलब्ध गराउनेछ ।

१६. आँधि, झरी, बन्द-हड्ताल कुनैपनि कारणबाट बजार बन्द भएता पनि ठेक्का रकम मिनाहा हुनेछैन ।

१७. अन्य जानकारीको लागि नगरपालिका कार्यालय शंकरपुरमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| ठेक्का नं. | शिर्षक | कामको विवरण | न्यूनतम शुल्क |
|---|---|---|---|
| १ | तिलोत्तमा नगरपालिका वार्ड नं. ५ स्थीत ड्राइभरटोल हाटबजार ( शुक्रबार र मंगलबार) | बैठकी कर | ४,५०,०००।- |
| २ | तिलोत्तमा नगरपालिका वार्ड नं. ६ स्थीत शान्ति मा. वि. को पुर्व तर्फ (आइतबार, विहिवार) | बैठकी कर | १०,००,०००।- |
| ३ | तिलोत्तमा नगरपालिका वार्ड नं. १० सेमरा (सोमबार) | बैठकी कर | ५,५०,०००।- |

टीकाराम ज्ञवाली
कार्यकारी अधिकृत